

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३१६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर २५ गते सोमबार ❑ 11 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पर्यटकीय गन्तव्यमा बिजुली पुऱ्याउँछौँ : ऊर्जामन्त्री बस्नेत

**पोखरापत्र संवाददाता**
पोखरा, २४ मंसिर

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले पर्यटकीय गन्तव्यमा केन्द्रीय प्रसारणलाइनको बिजुली पुऱ्याउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

कास्कीको माछापुच्छ्रे गाउँपालिकासहित यहाँका पर्यटकीय क्षेत्रमा बिजुली विस्तार गर्न मागसहित आएको पर्यटन व्यवसायी लगायतको टोलीसँग आज पोखरामा उहाँले सरकार दुई वर्षभित्रमा देशका सबै भूभागमा बिजुली पुऱ्याउने गरी काम गरिरहेको पर्यटकीय क्षेत्र सरकारको प्राथमिकतामा रहेको बताउनुभयो। माछापुच्छ्रे गाउँपालिकामा अवस्थित मर्दी हिमाल तथा खुमै पर्यटकीय गन्तव्यमा अझै पनि केन्द्रीय प्रसारणलाइनको बिजुली पुग्न सकेको छैन । यहाँका अन्य स्थानमा समेत लघुजलविद्युत् आयोजनाबाट उत्पादित बिजुलीमा भर पर्नुपर्ने अवस्था छ । मर्दी पदयात्रामा नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय प्रसारण लाइन पुग्न नसक्दा बत्ती बाल्नदेखि लिएर मोबाइल चार्ज गर्नसमेत पर्यटकलाई समस्या भएपछि पर्यटन व्यवसायीले मन्त्री बस्नेतको ध्यानाकर्षण गराएका हुन्।

ऊर्जामन्त्री बस्नेतले भन्नुभयो, "कुनै पनि क्षेत्रको विकासका लागि विद्युत् सबैभन्दा महत्वपूर्ण हुन्छ । सरकारले विद्युत् र सिँचाइको व्यवस्था हरेक नागरिकसम्म पुगोस् भनेर काम गरिरहेको छ ।" मर्दीको कालीमाटी र घलेल तथा प्रितम देउरालीसम्म मात्र अहिले प्राधिकरणको विद्युत् सेवा पुगेको छ भने प्राधिकरणले यसै वर्ष विद्युत् विस्तारको काम अघि बढाएको छ।

मर्दीको माथिल्लो क्षेत्रसम्मै बिजुली पुऱ्याउनका लागि नेपाल विद्युत् प्राधिकरण गण्डकी प्रादेशिक कार्यालयले ठेक्का आह्वान गरेर काम अघि बढाएको छ। मर्दी पर्यटन व्यवस्थापन समितिका संस्थापक सचिव शिवप्रसाद भण्डारीले माछापुच्छ्रे गाउँपालिकालाई पूर्ण विद्युतीकरण गर्न ऊर्जामन्त्रीसँग माग गरिएको बताउनुभयो । उहाँका अनुसार मर्दी पदयात्रामा केही समयदेखि काम सुरु भए पनि अर्को पर्यटकीय गन्तव्य खुमै डाँडामा अझै बिजुली पुग्न सकेको छैन । विद्युत् नहुँदा पदयात्रामा आउने पर्यटकलाई मोबाइल र क्यामरा चार्जदेखि इन्टरनेट सुविधा उपलब्ध गराउनसमेत कठिन भएको उहाँले बताउनुभयो।

मर्दीको केही क्षेत्रमा सोलारबाट बत्ती बाल्ने र इन्टरनेट सुविधा रहे पनि मौसम प्रतिकूल हुँदा समस्या पर्ने गरेको थियो । भण्डारीले भन्नुभयो, "बिजुली नपुगेको ठाउँहरूमा प्रसारण लाइन विस्तार र लघुजलविद्युत् भएका ठाउँमा उर्जा थप गर्न ध्यानाकर्षण गराएका छौँ। विद्युत् शक्ति कम हुँदा होटल तथा कृषि फार्महरूमा अहिले समस्या भएको छ।"

## जिएमसीको बीडीएसमा अध्ययनरत दुई छात्राको सवारी दुर्घटनामा परी मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, २४ मंसिर

पोखराको गण्डकी मेडिकल कलेज(जिएमसी) कलेजमा अध्ययनरत दुई छात्राको सवारी दुर्घटनामा परी मृत्यु भएको छ।

पोखरा २६ स्थित पृथ्वीराजमार्ग अर्न्तगत पर्ने शुन्दरी बजार क्षेत्रको सडकमा कारसंग स्कुटर ठक्कर खादा जिएमसीका दुई जना बीडीएस(व्याचलर एण्ड टेण्टल सर्जर) का दुई विद्यार्थीको मृत्यु भएको कास्की प्रहरीले जनाएको छ। मुत्यु हुनेमा पोखरा म.न.पा.वडा नं.२५ हेम्जाकी २३ बर्षीया अनिशा खड्का र पोखरा ५ निवासी २४ बर्षकी भावना बराल रहेको कास्कीका प्रहरी प्रवक्ता एवं डिएसपी श्रवणकुमार बि.क.ले बताए । आइतबार दिउसो करिब ४:१५ बजे पोखराबाट तालचोक तर्फ जादै गरेको बीएए ००४१ नम्बरको कारले विपरित दिशाबाट आएको ग १३ प ३५७८ नम्बरको स्कुटरलाई ठक्कर दिएको थियो । उक्त दुर्घटना पश्चात दुबै बिद्यार्थीको उपचारको क्रममा मृत्यु भएको अस्पताल श्रोतले जनाएको छ। उनीहरुको शव हाल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिम क्षेत्रीय अस्पताल) मा राखिएको प्रहरीले जनाएको छ । पोखरा अर्घौं निवासी कार चालक मन बहादुर बानियालाई प्रहरीले नियन्त्रणमा लिएको जिल्ला ट्राफिक कार्यालय कास्कीका प्रहरी प्रमुख भानु शर्माले बताए । सवारी दुर्घटनामा परी मृत्यु भएका दुबै बिद्यार्थीहरु आफ्नो कजेलका निकै मेहेनेती बिद्यार्थीहरु रहेको कलेजले जनाएको छ। जिएमसीमा बीबीएस(व्याचलर एण्ड टेण्टल सर्जर) चौथो बर्षमा अध्ययनरत बिद्यार्थी रहेको जिएमसी की सुपरिटेण्डेण्ट डा.टु माया घलेले बताइन् । आइतबार ५:०० बजे उक्त घटना भएको सुनेर घटनास्थलमा जादा गर्दा करिब ५ किलोमिटरको यात्रा १ घण्टा लागेको उनले बताइन् । उक्त घटनाको बिषयमा कलेजले दुःख व्यक्त गरेको छ। पछिल्लो क्रममा पोखरामा सडक दुर्घटनाको जोखिम बढेको स्थानियले बताउदै आउनु भएको छ।

## पोखरा २२ पुम्दीकोटमा २ करोडमा निर्माण भयो सुमेरु पर्वत

**पोखरापत्र संवाददाता**
पोखरा, २४ मंसिर



पोखरा २२ मा रहेको बिशाल महादेव मुर्ति परिसरमै क्षेत्रमै अर्को पर्यटकीय गन्तव्य सुमेरु पर्वत निर्माण गरिएको छ। पुम्दीकोट कोट विकास समितिले कुमार पार्वती मुर्ति सहित अन्य भौतिक संरचना निर्माण गरी सुमेरु पर्वतको रुपमा स्थापना गरेको समितिका अध्यक्ष चन्द्रकान्त बरालले बताउनु भयो।

सुमेरु पर्वत निर्माणका लागी करिब दुई करोड खर्च भैसकेको बताउदै उहाँले उक्त परियोजनामा बाँकी ३ करोड लगानी थप आवश्यक भएको बताउनु भयो । उक्त परियोजनामा लाईटिङ्गको लागी थप दुई करोड ५४ लाख र रुङगटा वैकुन्ठ हलको ईको साउण्ड कन्ट्रोलका लागी करिब ४२ लाख गरि ५ करोड लाग्ने प्राविधिक ईष्टमेट रहेको अध्यक्ष बरालले दाबी गर्नु भयो । यस्को ठुलो हिस्सामा पनि बिशाल महादेव मुर्ति परियोजना जस्तै गरी मुख्यदानविर उद्योगीपति, समाजवेसी विरगन्ज निवासी ८६ बर्षीय मुरलीधर रुङगटा परिवारसंग सहयोगका लागी अपेक्षा गरिएको समितिले जनाएको छ । पोखरामा आउने पर्यटकहरुलाई साँझमा लेजर लाइट मार्फत महादेवको मुर्तिलाई पर्दा बनाई शिव दाण्डव नृत्य, महादेवको शिव लिला समेत प्रर्दशनी गरिने परिकल्पना गरिएको अध्यक्ष बरालको भनाई छ।


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पोखरामा अझै गुडिरहेका छन् बीस वर्ष पुराना सवारीसाधन

**पोखरापत्र संवाददाता**
पोखरा, २४ मंसिर

सरकारले २० वर्ष पुराना सवारीसाधन विस्थापन गर्ने निर्णय गरेको एक दशक बित्न लाग्दा पनि त्यस्ता सवारीसाधन सञ्चालनमा पूर्ण रोक लागेका छैनन्। यान्त्रिक अवस्था ठिक नभएका (थोत्रा) सवारीसाधन सडकमा गुड्दा प्रदूषण, दुर्घटनाको जोखिम बढ्नुका साथै ट्राफिक व्यवस्थापनमा चुनौती थपिएको छ।

गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयका अनुसार प्रदेशमा दर्ता भई २० वर्ष नाघेका झण्डै चार सय सवारीसाधन सञ्चालित छन्। प्रदेश सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७६ ले समेत २० वर्ष पुराना सवारीसाधन सञ्चालनमा रोक लगाए पनि कतिपय सवारी धनीले अटेर गरी सञ्चालन गरिरहेका यातायात व्यवस्था कार्यालय कास्कीका प्रमुख डिल्ली रिजालले जानकारी दिनुभयो। सार्वजनिक सवारीसाधन २० वर्ष पुगेपछि अनिवार्य लगतकट्टा गरी दर्ता खारेज गर्नुपर्ने कानुनी प्रावधान रहेको उहाँले बताउनुभयो।

"२० वर्षअवधि पुगेका सवारीसाधनको लगतकट्टा गर्न एक महिनाको समय दिएका छौँ, अब पनि त्यस्ता सवारीसाधन सञ्चालन गरेको पाइएमा सवारी धनीलाई कानुनअनुसार कडा कारबाही हुन्छ", प्रमुख रिजालले भन्नुभयो । जिल्ला ट्राफिक कार्यालय, कास्कीका प्रहरी निरीक्षक भानु शर्माले सवारी चेकजाँचका क्रममा केही दिनअघि भेटिएको २० वर्ष पुरानो ट्याक्सीलाई नियन्त्रणमा लिई कारबाहीका लागि यातायात कार्यालयमा पठाइएको बताउनुभयो । "कागजात हेर्दा चार/पाँच वर्षसम्म पनि सवारीसाधन दर्ता प्रमाणपत्र नवीकरण नगरेका सवारीसाधन थुप्रै भेटिन्छन्", उहाँले भन्नुभयो, "त्यस्ता सवारीसाधनलाई नियन्त्रणमा लिई कानूनी कारबाही गर्ने गरिएको छ ।" पोखरामा २० वर्ष पुराना सवारीसाधन सञ्चालनमा पूर्ण रोक लगाउन जाँचमा कडाइ गरिएको प्रहरी निरीक्षक शर्माले जानकारी दिनुभयो । यान्त्रिक हिसाबले सही अवस्थामा नरहेका धेरै पुराना सवारीसाधन सञ्चालन गर्दा दुर्घटनाको जोखिम बढी हुने उहाँले उल्लेख गर्नुभयो।

"पुराना सवारीसाधनबाट वायुध्वनी प्रदूषण पनि बढी हुन्छ । सवारी व्यवस्थापनमा पनि असहजता ल्याउँछ", प्रहरी निरीक्षक शर्माले भन्नुभयो । कतिपय सवारी धनीले २० वर्ष अवधि पुगेका सवारीसाधन ग्रामीण भेगमा लगेर सञ्चालन गर्ने गरेकाले ती क्षेत्रमा पनि अनुगमन बढाउनुपर्ने उहाँको भनाइ थियो । मन्त्रालयको प्रशासन तथा यातायात व्यवस्थापन महाशाखाका प्रमुख टीकाराम पौडेलले २० वर्ष पुराना सवारीसाधन सञ्चालन गरेमा विद्यमान ऐनमा भएको व्यवस्था अनुसार कारबाही हुने बताउनुभयो। "२० वर्ष नाघेका सवारीसाधन चलाउने, वर्षौंसम्म सवारीकर नतिर्ने र सवारीसाधन दर्ता प्रमाणपत्र नवीकरण नगर्ने सवारी धनीलाई कारबाहीको दायरामा ल्याउन मातहतका कार्यालयलाई पनि निर्देशित गरिएको छ", उहाँले भन्नुभयो, "२० वर्ष पुराना सवारीसाधनले रुट इजाजत पनि पाउँदैनन्, नामसरी पनि हुँदैन ।" कार्यालय प्रमुख रिजालले २० वर्ष नाघेका सवारीसाधनको लगतकट्टा गरी दर्ता खारेजीको प्रक्रियामा आउन सवारी धनीलाई अनुरोध गरिएको बताउनुभयो । उहाँका अनुसार गण्डकी प्रदेशमा दर्ता भएका झण्डै तीस हजार सवारी धनीले सवारीसाधन कर, आयकर, रुट इजाजत शुल्कलगायत नियमानुसार लाग्ने शुल्कसमेत बुझाएका छैनन्।

त्यस्ता सवारीसाधनबाट करिब ३५ करोड बक्यौता सवारीसाधन कर उठ्न बाँकी रहेको प्रमुख रिजालले बताउनुभयो । बक्यौता कर बुझाइ सवारीसाधन दर्ता प्रमाणपत्र नवीकरण गर्न सवारीधनीलाई सूचित गरिएको उहाँले बताउनुभयो।

"अहिलेलाई एक महिनाको समय दिएर सवारीसाधन कर अनिवार्य बुझाउन सूचित गरिएको छ", प्रमुख रिजालले भन्नुभयो, "सचेत गराउँदा पनि भएन भने सवारीधनीको नाम नै प्रकाशन गर्ने हाम्रो तयारी छ ।" उहाँले सवारीसाधन पुरानो भएर कवाडीमा गइसकेको भए पनि कार्यालयमा आएर बक्यौता कर बुझाइ अनिवार्य सवारीसाधनको लगतकट्टा गर्न सवारीधनीलाई आग्रह गर्नुभयो । "कतिपयको सवारीसाधन पुरानो भएर सञ्चालनमा नरहेको हुनसक्छ तर कर बुझाएको छैन भने सवारीधनीको नाममा बक्यौता रहिरन्छ, बर्सेनि जरिवाना पनि थपिन्छ", कार्यालय प्रमुख रिजालले भन्नुभयो, "समयमै बिझाउनुपर्ने कर बुझाउन सेवाग्राहीलाई अनुरोध गर्दछौँ।"

## कृषि र पर्यटन प्राथमिकतामा

**पोखरापत्र संवाददाता**
पोखरा, २४ मंसिर

गण्डकी प्रदेश सरकारका आर्थिक मामिलामन्त्री जीतप्रसाद आलेले यस प्रदेशलाई कृषि र पर्यटन क्षेत्रको रुपमा विकास गर्न लागिएको बताउनुभएको छ।

नेपाल पर्यटन यातायात व्यवसायी सङ्घ गण्डकी प्रदेशको पाँचौं वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनको शनिबार उद्घाटन गर्दै मन्त्री आलेले कृषि र पर्यटन क्षेत्रलाई प्राथामिकतामा राखेर सरकारले काम गरिरहेको बताउनुभयो । प्रदेशमा पर्यटन र कृषिमा प्रचुर सम्भावना भएकाले सरकारको पहिलो प्राथामिकता राखेको उहाँको भनाइ थियो।

मन्त्री आलेले कोरोनाले थला पारेको पर्यटन क्षेत्र केही मात्रामा सुधार हुँदै गरेको अवस्थामा यसको प्रवर्द्धन गर्न प्रदेश सरकारको साथ र सहयोग सधैँ रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। "पर्यटन प्रवर्द्धन गर्ने दायित्व पर्यटन व्यवसायीको मात्र नभएर सरकारको पनि हो", उहाँले भन्नुभयो, "जतिधेरै पर्यटन भित्र्याउन सक्यौँ त्यति नै यस क्षेत्रमा बस्ने व्यक्तिको आयआर्जन बढ्ने छ।"

पर्यटन प्रवर्द्धनका लागि प्रचारप्रसार गर्नुपर्ने भन्दै मन्त्री आलेले सरकारको चाहना पनि प्रदेशलाई समृद्धितर्फ अगाडि बढाउने रहेको बताउनुभयो । यहाँ पर्यटकीय एवं धार्मिकस्थल प्रशस्त भएकाले स्वदेशी तथा विदेशी पर्यटनको आकर्षण केन्द्र बन्दै गएको बताउँदै उहाँले पोखरालाई पर्यटन राजधानी घोषणा गर्नुपर्नेमा जोड दिनुभयो।

स्वदेशी तथा विदेशी पर्यटकलाई यातायात सेवा सहज रुपमा उपलब्ध गराउने उरेश्यले स्थापना भएको पर्यटन यातायात व्यवसायी सङ्घले प्रभावकारी र पर्यटनमुखी काममा जोड दिनुपर्ने मन्त्री आलेको सुझाव थियो।

पोखरा महानगरपालिका-६ का वडाध्यक्ष विष्णुबहादुर


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# प्रकास दाहालको स्मृतीमा राष्ट्रिय ब्याडमिन्टन हुने

पोखरापत्र संवाददाता
पोखरा, २४ मंसिर




नेकपा माओवादीका नेता स्व. प्रकास दाहालको स्मृतीमा प्रथम प्रकास दाहाल स्मृती राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता हुने भएको छ।

बौद्ध लाखेपोखरीस्थित स्पोर्टस् हव नेपाल प्रा.ली.को आयोजनामा पौष २५ गते देखि हुने ब्याडमिन्टन संघको मान्यता प्राप्त बरियता सहितको राष्ट्रिय प्रतियोगितामा पुरुष एकल, महिला एकल, पुरुष युगल (ब्याडमिन्टन संघको उच्च २० बरियता बाहेक), स्थानिय स्तर, मास्टर्स युगल ३५ बर्ष माथि र ४५ बर्ष माथि गरि ६ विधामा प्रतिस्पर्धा हुने आयोजक समितिका प्रतियोगिता निर्देशक एवं संयोजक आङ्ग कुसाङ्ग शेर्पाले जानकारी गराए। करिव २५ लाखको लागत रहेको प्रतियोगितामा बिजेता, उपबिजेता एवं तृतीय स्थान प्राप्त गर्ने खेलाडीहरुले नगद ४५ हजार, २५ हजार र १० हजार सहित मेडल, प्रमाण पत्र र ट्रफी प्राप्त गर्ने प्रतियोगिताका आर्थिक संयोजक एवं स्पोर्टस् हवका संचालक अश्मेल (अखिल) शाहीले जानकारी गराए । राजनैतिक नेताका साथै खेलकुदलाई अतिनै माया गर्ने ब्यक्तित्व प्रकास दाहाल आफ्नो अत्यन्तै निकट रहेकाले उनकै नाममा प्रतियोगिता आयोजना गर्न लागिएको संचालक अखिल शाहीले बताए। आयोकको आफ्नै कोर्टा हुने प्रतियोगितालाई भब्य रुपमा सम्पन्न गर्न हवका संचालकहरु लाक्पा शेर्पा, सन बहादुर साम्वा समेत रहेको प्रतियोगिता समिति गठन गरिएको आयोजकले जनाएका छन् । बरियता सहितको राष्ट्रिय प्रतियोगिता रहेकाले विगतमा जस्तै करिव ४ सयको हाराहारीमा खेलाडीहरुको उपस्थिती रहने आयोजकले जनाएका छन् । हामीले विगतमा पनि प्रतियोगिताहरु आयोजना गर्दै आईरहेका थियौ जसमा खेलाडीहरुको अत्यन्तै चाप रहेको छ। यस पटक नेपाल ब्याडमिन्टन संघको बरियता समेत हुने भएका कारण खेलाडीहरुको चाप अझै बढ्न सक्ने देखेका छौं प्रतियोगिता संयोजक शेर्पाले बताए।

बिश्व ब्याडमिन्टन महासंघको आयोजनामा हुने पाचौं फजा दुवइ पारा ब्याडमिन्टन इन्टरनेशनल २०२३ मा निर्णायकको भूमिका निर्वाह गर्न नेपाली निर्णायक राजु देउजा संयुक्त अरव इमिरेटको दुवई प्रस्थान गरेका छन्।

डिसेम्बर ११ देखि १७ सम्म आयोजना हुने बिश्व ब्याडमिन्टन महासंघ (बिडब्लुएफ) पारा ब्याडमिन्टन इन्टरनेशनल लेभल २ प्रतियोगितामा अम्पायर देउजाले निर्णायकको भूमिका निर्वाह गर्नेछन् । देउजाले यस अघि पनि विभिन्न अन्तराष्ट्रिय प्रतियोगितमा निर्णायकको भूमिका निर्वा गरिसकेका छन्।

# मानवअधिकारका लागि नेपाली जनताले लगातार सङ्घर्ष गरिरहेका छन् : अध्यक्ष केसी

पोखरापत्र संवाददाता
रासस, २४ मंसिर

राष्ट्रिय जनमोर्चाका अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री चित्रबहादुर केसीले मानव अधिकार प्राप्तीका लागि नेपाली जनताले लगातार सङ्घर्ष गरिरहेको बताउनुभएको छ।

पचहत्तरौँ अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका अवसरमा यहाँ आयोजित कार्यक्रममा उहाँले कमजोर नागरिकले वर्षौंदेखि अधिकारका लागि लडाइँ गरे पनि प्राप्त गर्न नसकेको उल्लेख गर्नुभयो । नागरिकको मानव अधिकारको प्रत्याभूत नभएकै कारण हरेक दिनदिनै नेपाली युवा विदेशिनु परेको अध्यक्ष केसीको भनाइ थियो । एउटा नागरिकको गास, बास र कपाससँगै उसले देशमै गरिखान पाउने अधिकार हुने भनिए पनि पछिल्लो समय त्यस्तो वातावरण नहुँदा दिनहुँ हजारौँ युवा बाहिरिनु परेको चर्चा गर्दै उहाँले यसका लागि राष्ट्रिय जनमोर्चा वर्षौंदेखि लड्दै आएको र अहिले पनि आफूले संसद्मा यस विषयमा आवाज उठाइ रहेको जानकारी दिनुभयो । "मानव अधिकारबारे बढी प्रचार गर्नेले नै यसको उल्लङ्घन गरिरहेका छन्, जसले मानव अधिकारको घोर उल्लङ्घन गरेको छ, उसैले मानव अधिकारको चर्को कुरा गरिरहेको छ, कुनै पनि नागरिकलाई मानव अधिकार संरक्षण हुन्छ, भन्ने विश्वास नै छैन", अध्यक्ष केसीले भन्नुभयो, "शक्ति हुनेको ढुङ्गो उभो पल्टन्छ, कमजोरको उँदो पनि पल्टिँदैन, त्यसले गर्दा जो बलियो छ, उसले मानव अधिकार पाएको छ, निमुखा जनताले भने पाउन सकेका छैनन् ।" मानव अधिकार रक्षाका लागि सरकार र जनता नै लाग्नुपर्नेमा जोड दिँदै उहाँले वर्षौंदेखि अन्यायमा परेका कैयौँ नागरिकले अहिलेसम्म न्याय पाउन नसकेकाले यसमा सरकार सचेत हुनुपर्नेमा जोड दिनुभयो।

## कृषि...

भट्टराईले पर्यटकलाई सहज रुपमा यातायात सेवा दिने उद्देश्यले सञ्चालनमा ल्याइएका पर्यटक व्यवसायीका सवारीसाधनलाई राज्यले सहज रुपमा सञ्चालन गर्ने वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो । पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पोखराको पर्यटन क्षेत्रमा छ खर्बको लगानी भएको हुँदा पर्यटन प्रवर्द्धनमा तीनै तहका सरकारको ध्यान केन्द्रित हुन जरुरी भएको बताउनुभयो । सङ्घका केन्द्रीय अध्यक्ष बेदराज बाँस्तोलाले पर्यटन याातायातका साधनमा सरकारले विद्यमान ऐन नियम संशोधन गरी सहज रुपमा सञ्चालन गर्ने वातावरण बनाइदिनुपर्नेमा जोड दिनुभयो । सङ्घका सल्लाहकार सोम थापाले उच्चस्तरको सेवा दिनुपर्ने भएकाले पर्यटन यातायातका साधनलाई सहुलियतपूर्ण ऋणमा खरिद गर्ने व्यवस्था मिलाइदिन आग्रह गर्नुभयो । सङ्घका अध्यक्ष बाबुराम पाण्डेको अध्यक्षतामा भएको उक्त अधिवेशबाट दुई वर्षका लागि नयाँ नेतृत्व चयन हुनेछ।

## पोखरा २२...

परियोजनाका परिमार्जित गुरुयोजनामा सुमेरु पर्वत नामकरण गरी भूमेश्वर महादेव देखि सुमेरु पर्वतसम्म पंहुचका लागि विधुतीय चियर कार, ग्रिनेरी पार्क, ब्यबस्थित पार्किंग स्थल निर्माण गर्ने बिषयहरु समेटिएको उहाँले बताउनु भयो । पुम्दीकोट क्षेत्रको ऐतिहासिक, धार्मिक र साँस्कृतिक महत्वलाई थप उजागर गरी समग्र क्षेत्रको बिकास तथा प्रबर्दन गर्ने उदेश्यले पर्यटन प्रबर्धनका लागि पुम्दीकोट, बिशाल महादेव मूर्ति निर्माण गर्ने हाम्रो अठोट भन्ने नारा सहित कोट बिकासको अभियान शुरु गरी २०७३ साल र २०७९ सालमा गरी दुई पटक शिव महापुराण ज्ञान महायज्ञ एवम् धार्मिक पर्यटन महोत्सब समेत आयोजना भएको समितिले जनाएको छ । उक्त महायज्ञबाछ २० रोपनी जग्गा र करिब ९ करोड ३० लाख रुपैया संकलन भएको अध्यक्ष बरालले बताउनु भयो। संघिय, प्रदेश र स्थानीय सरकार तथा विभिन्न संघ संस्था एवं व्यक्तिहरुबाट प्राप्त भएको समितिले जनाएको छ। समितिले हालसम्म ५१ फिट अग्लो महादेवको बिशाल मूर्ति, ३१ फिट अग्लो बिशाल डमरु, बिशाल महादेवको बिशाल क्षेत्र कुण्ड (गङ्गा पोखरी) १०८ धारा जडित तेस्रो आँखा २१६ शिवलिङ्ग, १०८ स्वर्गद्वारी सिंढी, शिव ताण्डब नृत्य तथा अन्तराष्ट्रिय ध्यान केन्द्र, मोनोरेलद्वारा भगवान श्री गणेश परिक्रमा, सुमेरु पर्वतमा कुमार पार्वतीको मृति, शौचालय सहित सुबिधा सम्पन्न प्रशासनिक भबन, फूलमाला बिक्रिका लागि ४१ वटा व्यवसायीक शटर, कम्पाउडवाल, २०० मिटर पक्की पहुँचमार्ग लगायतका भौतिक संरचना निर्माण भएको अध्यक्ष बरालले बताउनु भयो । प्रारम्भमा २० करोड लागत अनुमान गरिएको उक्त परियोजना काम गर्दै जादा हाल दोब्बर लगानीको परियोजना बनाउने लक्ष्यका साथ अघि बढेको उहाँले बताउनु भयो। योजनामा बिज्ञको राय र दानवीरको उर्जा ध्यानमा राखी बृहत आयोजना तयार गरिएको र सो आयोजनाको लागत ४० करोड हुन पुगेको समितिले जनाएको छ । हालसम्म झण्डै २७ करोड लगानी भैसकेको र करिब १ करोड ऋणको व्ययभार समेत भएको अध्यक्ष बराललले उल्लेखगर्नु भयो । गण्डकी प्रदेशका पूर्व अर्थ मन्त्रि रामजी प्रसाद बराल जीवनले कसैले पनि इतिहासलाई विर्सन नहुने बताउदै उक्त बिशाल महालदेवका मुर्ति निर्माणमा पहिला भुम्दीकोट टावरबाटै यसको सुरुवात भएको बताउनु भयो। बिषेश गरी आफ्नो पहलमा शान्ति तथा पुनःनिर्माण मन्त्रालयबाट उक्त टावर निर्माणमा सहयोग प्राप्त भएको उहाँको भनाई छ। हाल उक्त टावरलाई डम्बरुको आकारमा परिमार्जन गरिएको छ । कार्यक्रममा गण्डकी प्रदेशका सांसद प्रकाश बराल, समाजसेवी एवं उद्योगपति हरि पाण्डे, स्वामि गुरुहरु सहित विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।



गण्डकी प्रदेशको राजधानी पोखरामा विशेषगरी ४ जिल्लाका सुन्तला आउने गरेको छ। पोखरा शान्तिवन वाटिका स्थित कृषि उपज बजारमा सुन्तला खरिद बिक्री गर्दै गरेका व्यवसायीहरु। ३० देखि १ सयमा बिक्री हुने उक्त सुन्तला खुद्र मूल्य भने ५० देखि १ सय ५० मा बिक्री भएको छ। तस्विरः दीननाथ बराल

# विश्वकर्मा समाज पर्वत, स्याङ्जा कास्कीको बैठक सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २४ मंसिर




विश्वकर्मा समाज (पर्वत, स्याङ्जा, कास्की) को बैठक चन्द्र किशोर गौतमको अध्यक्षता एवम् नेपाल सुनचाँदी व्यवसायी संघका उपाध्यक्ष दुर्गा बहादुर सुनारको प्रमुख आतिथ्यतामा सम्पन्न भयो।

कार्यक्रममा २०८० सालको तिहारको अवसरमा संचालन गरिएको देउसीभैलो कार्यक्रमबाट संकलन भएको रकमको सार्वजनिक कोषाध्यक्ष धनबहादुर सुनारले गर्नुभएको थियाउे । उक्त देउसी भैलो कार्यक्रमबाट रु.३ लाख १ हजार ९ सय ८ र आजीवन सदस्यताबाट रु.६० हजार गरी रु(३ लाख ६१ हजार ९ सय ८ रुपैयाँ आम्दानी भएको थियो। यसै आम्दानीबाट जाजरकोटमा भएको विनासकारी भुकम्प पीडितलाई राहत स्वरुप रु.२५ हजार छुट्याइएको कोषाध्यक्षले जानकारी गराउनु भयो।

कार्यक्रममा प्रमुख अतिथि दुर्गा बहादुर सुनारले यो देशको परिवर्तनमा विश्वकर्माहरुको ठूलो योगदान भएको बताउँदै २००७ साल, ०४६ साल र ०६२।०६३ मा यस समुदायका मानिसहरुले पनि आहुति दिएको, फलस्वरुप नयाँ संविधान भएको छ तर दलित बर्गको लागि संविधान कार्यान्वयन नभएको बताउनुभयो । उहाँले रुकुम हत्याकाण्डमा म कास्कीको प्रमुख रहेर आन्दोलन गरिएको तर आज नवराज विकका हत्याराहरु जेल चलान भएका छन् यसले न्याय अझै रहेछ भन्ने प्रमाण दिएको बताउनुभयो । यस्ताखाले समस्यामा यो समाज सदैव लागि रहनेछ भन्ने विश्वास लिएको बताउनुभयो । शुभकामना मन्तव्यको क्रममा सल्लाहकार एवम् महाशिला गाउँपालिका वडा नं. ६ का वडा अध्यक्ष रामबहादुर सुनारले यस समाजले अहिलेसम्म गरेका कार्यहरु एकदम सही भएको तर दिन दुखी विश्वकर्माहरुकोमा पुगेर उनीहरुका समेत हक अधिकार र पीडामा साथ दिन अनुरोध गर्नुभयो। विश्वकर्मा कल्याण समाजका उपाध्यक्ष राजकुमार घिमिरेले समाज स्थापनाको छोटो समयमा महिलाहरुको संगठन बनाई अगाडि बढाएको र महिला उत्कृष्ट भेषभूषमा पुरस्कृत भएकोमा खुसी लागेको बताउँदै युवाहरुलाई र नवप्रतिभाहरुलाई प्रोत्साहन गर्ने जसता कार्यले उच्च स्थान बनाएको बताउनुभयो।

विश्वकर्मा सेवा समाजका महासचिव तारा गौतामले समाजका सबै गतिविधिमा अगाडि रहेको र स्याङ्जाली सम्पर्क समाज लगायत अन्य संस्थाहरुमा सहकार्य गर्दै अगाड बढेको अवस्थामा अझ दिदी बहिनीहरुलाई सीपमूलक, आयमूलक तालिम दिन आवश्यक रहेको बताउनुभयो। उहाँले त्यसको लागि आफूले सक्दो सहयोग गर्न तत्पर रहेको बताउनुभयो।

महिला समितिका सचिव गीता गौतमले समाजले आयोजना गरेका हरेक कार्यक्रममा महिला समितिको अहम भूमिका रहेको बताउँदै महिलालाई विभिन्न प्रकरका तालिम दिई अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो । कार्यक्रमक सभाध्यक्ष किशोर गौतमले समाज स्थापनाको छोटो अवधिमा विभिन्न कार्यक्रमहरु गर्दै समस्त विश्वकर्माहरुको मन जित्न सफल भएकोले अब यस समुदायको विकास र उन्नतिमा तिनै तहका सरकारसँग मिलेर कार्य गर्ने र विश्वकर्मा समुदायको समस्यामा ठाउँको ठाउँ उपस्थित भई समस्या समाधानमा अग्रसर रहने बताउनुभयो । उहाँले अन्य उपसमितिहरु गठन गर्ने, स्वास्थ्य, शिक्षा, रोजगार, सीप सिर्जनामा अगाडि बढाउने र सदस्यहरुलाई राहत प्याकेजमा सहयोग गर्ने बताउँदै तिहारको अवसरमा सहभागी हुने र सहयोग गर्नेप्रति कृतज्ञ रहेको बताउनुभयो।


समाजका सचिव खड्कबहादुर सुनारले संचालन गर्नुभएको कार्यक्रममा उपाध्यक्ष श्याम बहादुर रसाइलीले देउसी भैलोमा अहोरात्र खटेर कार्य गर्ने सबैलाई धन्यवाद दिनुभएको थियो।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# सती कथा संग्रहको विमोचन

पोखरापत्र संवाददाता
पोखरा, २४ मंसिर



कस्केली अधिकृत समाजका आजीवन सदस्य साहित्यकार रामचन्द्र आचार्य(आरसी) को कथासंग्रह 'सती' विमोचन गरिएको छ।

कस्केली अधिकृत समाजद्वारा शनिबार आयोजित एक कार्यक्रमका बीच नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति सरुभक्तले कृतिको विमोचन गर्नुभएको हो।
कार्यक्रममा पूर्व कुलपति सरुभक्तले कृतिका स्रष्टा आचार्यलाई आख्यानकारका रुपमा उदाएको चित्रण गर्नुभयो। समाजका विविधता कथामा प्रस्तुत भएको उहाँको भनाइ छ। कृतिको टिप्पणी गर्दै विन्दुवासिनी संस्कृत विद्यापीठ पोखराका प्राचार्य प्रा.डा.जगन्नाथ रेग्मीले कथाहरूमा सामाजिक यथार्थता प्रस्तुत भएको बताउनुभयो। समाजिक यथार्थता, भोगाई लगायत जीवनका विभिन्न परिवेशलाई कथाहरूमा चित्रण गरिएको उहाँले बताउनुभयो। कस्केली अधिकृत समाजका अध्यक्ष चन्द्रबहादुर सुवेदीको अध्यक्षता एवम् सचिव महेश पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा अन्तराष्ट्रिय नेपाली साहित्य समाजका गण्डकी प्रदेश अध्यक्ष एवम् कस्केली अधिकृत समाजका सल्लाहकार दुर्गाबहादुर शाह(बाबा), सचिव असफल गौतम, पाज्ञ हरिदेवी कोइराला, कृतिका स्रष्टा रामचन्द्र आचार्य(आरसी) लगायतले बोल्नुभएको थियो।

# निर्धक्क भएर महोत्सवको अवलोकन गर्न आउनुस, सुरक्षा व्यवस्था मजबुद बनाईनेछ : संयोजक बस्ताकोटी

पोखरापत्र संवाददाता
पोखरा, २४ मंसिर

लेखनाथ उद्योग वाणिज्य संघले आयोजना गर्न लागेको १९ औं लेखनाथ महोत्सवको तयारी तीव्र पारिएको छ।

महोत्सवको पनि महोत्सवको रुपमा चर्चा कमाएको लेखनाथ महोत्सवको १९ औं संस्करणमा पनि सुरक्षा व्यवस्था मजबुद बनाईने भएकाले ढुक्क भएर महोत्सवको अवलोकन गर्न आउन महोत्सवका सुरक्षा व्यवस्थापन उप-समितिका संयोजक हरि बस्ताकोटीले आग्रह गरेका छन।

"धैरै मानिसहरुको आवतजावत एवं उपस्थीती हुने भएकाले त्यसलाई मध्यनजर गेरेर हामीले सुरक्षा व्यवस्थालाई पहिलो प्राथमिकतामा राखेका छौं। सँगै स्टलमा रहने सामानहरुको पनि सुरक्षा अति जरुरी छ। त्यसैले स्थानिय प्रहरी प्रशासन, सेक्युरीटी कम्पनी र सुरक्षा समिति समेत परिचालन गेरर सुरक्षाको व्यवस्था मजबुद बनाईने भएकाले निर्धक्क भएर महोत्सवको अवलोकन गर्न आउन हार्दिक निमन्त्रणा गर्दछौं"-संयोजक बस्ताकोटीले भने।

महोत्सवमा सुरक्षालाई भरपर्दो बनाउन ४०/४५ स्थानमा सिसि क्यामेरा जडान गरिनेछ भने हुन सक्ने सम्भावित दुर्घटनाहरुलाई ख्याल गर्दै प्राथमिक उपचारको लागी स्वास्थ्यकर्मिहरु सहितको स्टल रहनेछ भने एम्बुलेन्स समेत तयारी अवस्थामा राखीनेछ। कतिपय अवस्थामा सुरक्षाका विषयमा स्वयम आफैं पनि संवेदनशिल हुनुपर्ने वताउँदै भिडभाडको अवस्था पनि हुने भएकाले नक्कली वा सक्कली गरगहनाहरु धैरै नलाउन समेत संयोजक बस्ताकोटीले आग्रह गरे। महोत्सवमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका लघु, घरेलु, साना-ठूला औद्योगिक तथा व्यापारिक प्रतिष्ठानहरुका वस्तु तथा सेवा, हस्तकला, यातायातका साधनहरु, कृषि तथा पशुजन्य वस्तुहरु, विद्यालय स्तरीय शैक्षिक एवं विज्ञान सामाग्री, सुचना र सञ्चार प्रविधिमा भएका नयाँ आयामहरुको जगेर्ना, नयाँ प्रतिभाको खोजी अभियान, सांस्कृतिक जगेर्ना कार्यक्रम लगायतका थुप्रै कार्यक्रमहरु समावेश गरिएको र यसबाट स्थानीय उत्पादनको बजारीकरण, नयां प्रविधि तथा सिपको हस्तान्तरण, साहित्य, कला र संस्कृतिको जगेर्ना तथा आन्तरिक एवं बाह्य पर्यटक प्रवर्द्धनमा टेवा पुग्ने संघका अध्यक्ष एवं महोत्सवका संयोजक विनोद श्रेष्ठले जानकारी दिए।

यहि पुष ५ गतेदेखी १६ गतेसम्म सञ्चालन हुने महोत्सव सम्पन्न गर्नका लागी ९ सदस्यीय निर्देशक समिति, ४१ वटा उप-समिति र १ सय २० सदस्यीय कार्यसम्पादन समिति गठन गरिएको छ। हाल शिथिल अवस्थामा रहेको देशको अर्थतन्त्रलाई चलायमान बनाउदै उत्पादक र उपभोक्तालाई एउटै थलोमा जमघट गरि यस क्षेत्रको आर्थिक गतिविधि बढाउने र आन्तरिक एंव बाह्य पर्यटकहरुलाई आकर्षण गरि आन्तरिक पर्यटनलाई सहयोग पुऱ्याउने प्रचार प्रसार समितिका संयोजक उपेन्द्रराज सुवेदी 'राजु' ले वताए।

लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको आयोजनामा हुने १९ औं संस्करणको महोत्सवलाई पोखरा इको रेड ब्रिक्स प्रा.लि.ले मुख्य प्रायोजन गरेको छ भने सह-प्रायोजकमा पशुपति बिस्कुट र हेटौंडा डेरी, फुड फेस्टीभल प्रायोजकमा न्यूट्रीप्लस शुद्ध तोरीको तेल र प्रर्वद्धकमा पोखरा महानगरपालिका र नेपाल पर्यटन वोर्ड रहेको महोत्सवका सह-संयोजक एवं प्रायोजक व्यवस्थापन तथा उप-समिति परिचालन समितिका संयोजक राजेन्द्र ओझाले जानकारी दिए।

# गीत संगीतमा सक्रिय शान्ति श्रीस मगर, सार्वजनिक गरिन् 'जाम हिड साइली'

पोखरापत्र संवाददाता
पोखरा, २४ मंसिर



गायिका शान्ति श्रीस मगर पोखराकी स्थायी बासिन्दा हुन्। व्यवसायिक रुपमा बुटिक संचालन गर्दै आएकी श्रीस हाल संगीत क्षेत्रमा समेत क्रियाशिल छिन्।

उनको एक पछि अर्को म्युजिक भिडियो सार्वजनिक भइरहेको छ। गीत संगीतमा सानै देखि रुची भएर होला उनको रहर पेशा जस्तै बन्न थालेको छ।

गायिका शान्ति श्रीस मगरको 'जाम हिड साइली' सार्वजनिक भएको छ। उनको अफिसियल युटुब मार्फत सार्वजनिक भएको गीतमा चर्चित गायक स्वरुपराज आचार्यको समेत स्वर समेटिएको छ। सुरेश राना मगरको शब्द संगीत रहेको गीतमा गौरव पहारी र रजनी गुरुङको अभिनय छ। म्युजिक भिडियोको सम्पूर्ण छायाँकन काठमाडौंमा गरिएको हो। मौसम हिमालीको कथा, निर्देशन र कोरियोग्राफीमा गीतको म्युजिक भिडियो तयार भएको हो। श्रीस गीतबाट आशावादी छिन्। समय सान्दर्भिक गीत भएकाले पनि उनलाई आशा जागेको हो। गीतमा देशको अवस्थालाई चित्रित गर्न खोजिएको छ। परदेशीन बाध्य हुनुपर्ने युवाको अवस्थालाई झल्काइएको छ। जसमा प्रेमका भावहरु समेत समेटिएका छन्।

एक दशक देखि ग्लोरी फेसन होम संचालन गर्दै आएकी श्रीस बुटिक एसोसिएसन नेपाल पोखराको अध्यक्ष हुन्। रोटरी क्लब अफ पोखरा मिडटाउन लगायत विभिन्न सामाजिक एवम् संस्थामा समेत आबद्ध श्रीसले 'गल्छी झरेसी', 'जुन तारा', 'फूल जस्तो मेरो जोबान' लगायतका गीतहरु यसअघि सार्वजनिक भएका छन्।

# उपन्यास सन एण्ड स्यडोज लोकार्पण

पोखरापत्र संवाददाता
पोखरा, २४ मंसिर

लेखक एन एच मानन्धरको उपन्यास सन एण्ड स्यडोज लोकार्पण भएको छ।

पोखराको नयाँबजारस्थित अमेरिकन कर्नरमा शुक्रवार आयोजित कार्यक्रममा उक्त पुस्तक लोकार्पण गरियो। लोकार्पणपछि पुस्तकका विषयवस्तुमा आधारित रहेर संवाद गरिएको थियो। भर्खर अंकुराउन थालेको प्रेममाथि परेको आघातले पात्रका जीवनलाई फरक गोरेटोमा डोहोर्याएपछिका घटना र समाजका अनगिन्ती आयामसँग उनिदैं बग्ने कथाले जातीय तथा लैङ्गिक विभेद, भ्रष्टाचार अनि परिवारभित्रको द्वन्द्व समेटेको लेखकले सुनाइन्। आख्यानका रूपमा आएको भएपनि पात्रहरूका भोगाई र तिनले बाँचेका समयले पाठकलाई कैयन्ले बाँचेको कथासँग साक्षात्कार गराउने उनको दावी छ। अङ्ग्रेजी भाषामा लेखिएको पुस्तक सर्वसुलभ रूपमा पुस्तक पसल र ईबुक माध्यममा पनि उपलब्ध भएको जनाएकी छन्।

अस्ट्रेलियामा जन्मेकी लेखक एन एच मानन्धर नेपालकी बुहारी हुन्। उनले लामो समय नेपालमै बसेर सडक बालबालिकाका निम्ति काम गरेकी छन्।

# लगानी सम्मेलनमा मादी परियोजना समावेश गर्न अनुरोध

पोखरापत्र संवाददाता
दमौली, २४ मंसिर

नेपाल सरकारले निकट भविष्यमा आयोजना गर्ने लगानी सम्मेलनमा तनहुँको मादी नदी उपत्यका परियोजनालाई समावेश गर्न अनुरोध गरिएको छ। उक्त सम्मेलनमा मादी उपत्यका परियोजनालाई समवेश गर्न व्यास नगरपालिकाका तर्फबाट अनुरोध गरिएको हो।

नगरपालिकाको कार्यपालिका बैठकले उक्त परियोजनालाई पनि समावेश गराउन सरकारसमक्ष अनुरोध गर्ने निर्णय गरेको नगरप्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो। परियोजनाको गुरुयोजना तयार भइसकेकाले सरकारले यसलाई लगानी सम्मेलनमा समावेश गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। नगरप्रमुख न्यौपानेले व्यासको वृहत्तर र एकीकृत विकासका सम्बन्धमा विज्ञहरुसँग पटक-पटक छलफल गर्दा व्यास एकीकृत मादी नदी उपत्यका विकास परियोजनाको अवधारण आएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "स्थानीय स्रोत र साधनलाई अधिकतम प्रयोग गर्दै त्यसमा केही कृत्रिमस्वरुप समेत बनाए पछि पर्यटन र व्यापार व्यवसायले राम्रो लाभ लिन सक्ने भएकाले सो परियोजना अगाडि बढाउन खोजेका हौं।" मादी नदीको १८ किलोमिटर क्षेत्रलाई केन्द्रमा राखेर विभिन्न योजना अगाडि बढाउन नगरपालिकाले सङ्घीय सरकारको साथ खोजेको छ। गुरुयोजनाअनुसार १५ वर्षे उक्त एकीकृत योजना अन्तर्गत २६ वटा परियोजना समेटने तयारी गरिएको छ। जसको लागत रु २६ अर्ब रहने बताइएको छ।

यहाँ व्यास सरोवर, बोटानिकल गार्डेन, औद्योगिक क्षेत्र, जनजातिको समुदाय, भानु एजुकेशन सेन्टर, व्यास स्पोर्ट सेन्टर, मादी नदी बोटिङ प्रोजेक्ट, हाउजिङ प्रोजेक्ट, ठोस फोहरमैला व्यवस्थापन योजनालगायत २६ वटा योजना समेटिने गुरुयोजनामा उल्लेख छ। उक्त परियोजनाको गुरुयोजना निर्माण अघि यहाँका जनप्रतिनिधि, राजनीतिज्ञ, व्यवसायी र अन्य सरोकारवालाले मादी नदीसँगैका जमिन अधिग्रहण, मादीको वहाब नियन्त्रण, सामाजिक तथा आर्थिक पक्ष, वातावरणीय पक्ष, निजी जग्गा मुआब्जा, पर्यटन विकासका पूर्वाधार, पर्यटनका सम्भावना र चुनौती, लगानीको मोडल, जग्गा व्यवस्थापन, सहरी विकास योजना, जलविद्युत उत्पादन क्षमता, निजी क्षेत्रसँग समन्वय र सहकार्य, लगानी सुरक्षित हुने आधार, स्थानीय बासिन्दाले लिनसक्ने फाइदा, फोहरमैला व्यवस्थापन, सम्भावित लगानीकर्ताको सुचि निर्माण, व्यास-पराशर-मानहुँकोटलाई कसरी जोडने, नेतृत्वकर्ताको स्पष्ट भिजन र प्रतिबद्धता हुनुपर्नेलगायत सुझाव दिएका थिए।

# मौरीपालन व्यवसायबाट मनग्य आम्दानी

पोखरापत्र संवाददाता
बागलुङ, २४ मंसिर

बागलुङ नगरपालिका-१२ अमलाचौरस्थित चोलादेवी पाठक आफ्नो घरमुनिको बारीमा मौरीको स्याहारमा व्यस्त हुनुहुन्छ। उहाँले यो काम गर्न थाल्नुभएको तीन वर्ष पुगिसक्यो। उहाँले भन्नुभयो "बाख्रापालन र मौरीपालन एकसाथ थालनी गरेककी हुँ। यसमा श्रीमानूको साथ र सहयोग पनि रहेको छ।"

अहिले पाठकको मौरीफार्ममा ४५ मौरीसहितका घार छन्। उहाँले ले बाख्रापालनभन्दा मौरीपालनबाट राम्रो आम्दानी भएको बताउनुभयो। उहाँले वर्षमा पाँच सय५० किलोग्राममहउत्पादनहुँदै आएको बताउनुभयो। "परिवारको सहयोग छ, आफैं मौरीपालन तालिम लिएपछि व्यावसायिक मौरीपालनमा लागेको हुँ, अहिले उत्पादन भएको मौरी बिक्रीका लागि बजार पुग्न पर्दैन, भैरवस्थान मन्दिर दर्शनका लागि आएकाले खरिद गरेर लैजान्छन्",किसान पाठकले भन्नुभयो, "४५ बाख्रासमेत पालेको थिएँ, तर बाख्रा पाल्न अलि धेरै खर्च हुनेरहेछ, अहिले १० वटामात्रै बाख्रा छन्, मौरीपालनमा चोखो आम्दानी छ, त्यसका साथसाथै तरकारी खेतीसमेत गर्दै आएको छु।" उहाँले ससुराबुवा देवीप्रसाद पाठकले परम्परादेखि पाल्दै आउनुभएको मुडेघारको मौरीलाई तीन वर्षअघिदेखि व्यावसायिक बनाउन थाल्नुभएको हो। घरमा अझै पनि केही मुडेघार छन्। बाख्रापालनका लागि दुई सयवटा राइखन्यूका बिरुवा लगाइएको र आगामी दिनमा बाख्राको सङ्ख्यासमेत बढाउँदै लैजाने गरी आधुनिक खोर व्यवस्थापनसमेत गरिएको छ। पचासवटा बाख्रा अट्ने गरी खोर व्यवस्थापन गरिएको पाठकको भनाइ छ। "बाख्रालाई भन्दा केही सहज छ मौरीपालन, मौरीपालनमा जोखिम भए पनि आम्दानी राम्रो छ, गत वर्ष रु एक लाख ५० हजारबराबरको अनुदानसमेत पाएको थिएँ", उहाँले भन्नुभयो, "४५ घारबाटै वार्षिक रु छ लाख बढी कमाउन सकिनेरहेछ, त्यसैले बाख्रापालनमा भन्दा मौरीपालनमा बढी ध्यान दिन थालिएको छ, आगमी दिनमा एक सय मौरीका घार पुर्‍याउने हाम्रो परिवारको योजना छ।"

मौरीपालनलाई रोगबाट जोगाउन सकेमात्र पुग्ने उहाँको भनाइ छ। महिला अगाडि बढेर बाख्रापालन र मौरीपालनमा लाग्दा परिवारको राम्रो सहयोग मिलेको बताउँदै आयआर्जनका लागि महिला अग्रसर हुन आवश्यक रहेको पाठकको भनाइ छ। चार वर्षअघि कुश्मा पुगेर मौरीपालन तालिम लिएपश्चात मौरीपालनमा लाग्नुभएको पाठकले यसबाट राम्रो आम्दानी गर्न थालेपछि दङ्ग हुनुभएको छ।

अहिले प्रतिकेजी रु एक हजार दुई सयमा मह बिक्री भइरहेको बताउँदै पाठकले बजारको समस्या नरहेको जानकारी दिनुभयो। अर्ग्यानिक मह उत्पादन गर्नसके बजारको चिन्ता लिन नपर्ने उहाँको भनाइ छ। उहाँको फार्ममा बलेवामै उत्पादन भएको बलेवा मौरीपालन उद्योगको आधुनिक घार र जसन घार भारतबाटसमेत निर्यात गरिएको छ। मौरीलाई चिसोबाट जोगाउन जस्ताको छाना लगाइएको मौरीपालक किसानको भनाइ छ।

कोट भैरव कृषि मौरी र पशुपक्षी फार्ममा गत आर्थिक वर्ष कृषि ज्ञान केन्द्रले मह उत्पादन वृद्धि कार्यक्रमअन्तर्गत रु एक लाख ५० हजार अनुदानसमेत दिएको कृषि ज्ञान केन्द्र बागलुङका बागबानी विकास अधिकृत कुमार पुनले जानकारी दिनुभयो। उहाँले बागलुङमा महको उत्पादन बढाउन आधुनिक मौरीका घार ५० प्रतिशत अनुदानमा वितरण गरिरहेको बताउनुभयो।

# जहाँ किताबी ज्ञान मात्रै होइन, व्यावहारिक सीप पनि सिकाइन्छ

पोखरापत्र संवाददाता
तनहुँ, २४ मंसिर

व्यास नगरपालिका-१० दुम्सीस्थित शिव माध्यमिक विद्यालयमा पछिल्ला समय विद्यार्थीको आकर्षण बढ्दै गएको छ। विद्यालयले किताबी ज्ञानसँगै विद्यार्थीको रुचिअनुरुप व्यावहारिक सीप दिन थालेपछि विद्यार्थीको आकर्षण बढेको हो।

सोही वडा निवासी आश्रुत लामिछाने कक्षा १० मा अध्ययनरत हुनुहुन्छ। पढाईसँगै उहाँले सीपमूलक तालिम पनि सिक्नु भएको छ। पञ्चेबाजाअन्तर्गत उहाँले अहिले मज्जाले ढलाकी बजाउन सिक्नुभएको हो। विद्यालयले सिक्दै, पढ्दै कार्यक्रमअन्तर्गत एक महिने पञ्चेबाजासम्बन्धी प्रशिक्षण दिएपछि उहाँ ढलाकी बजाउन निपूर्ण बन्नु भएको हो। "सुरुमा कसरी बजाउने होला भन्ने सोचेको थिएँ", उहाँले भन्नुभयो, "प्रशिक्षकले दिएको ज्ञानलाई व्यवहारमा लागू गर्दै निरन्तरको प्रयासपछि अहिले ढलाकी बजाउन सक्षम बनेको छु।" लामिछाने जस्तै कक्षा १० मा अध्ययनरत शिशिर सापकोटा टेम्पो बजाउन सफल बन्नुभएको छ। इच्छाशक्ति भए नसकिने भन्ने हुँदो रहेनछ विद्यार्थी सापकोटाले भन्नुभयो, "सुरुमा डर लागे जस्तो भएपनि अहिले मज्जाले बजाउन सकिन्छ।' विद्यालयले चितवनबाट प्रशिक्षक ल्याएर इच्छुक विद्यार्थीहरुका लागि पञ्चेबाजासम्बन्धी एकमहिने प्रशिक्षण दिएको शिक्षक ध्रुव भण्डारीले जानकारी दिनुभयो। पञ्चेबाजामध्ये नरसिंहा बजाउने प्रशिक्षण दिने तयारी गरेका छौं। उहाँले भन्नुभयो, "वाद्यबाजन र पञ्चे बाजा बजाउनसके पनि धेरैले नरसिंहा बजाउन सक्दैनन्।"

विद्यालयमा पठनपाठन बन्द भएको समय र बिदाका दिनमा समाजमा हुने बिवाह, ब्रतवन्ध, पूजाआजालगायतका कार्यक्रममा पठाइने सोच बनाइएको सो विद्यालयले जनाएको छ। विद्यालयमा बाद्यबाजनका साथै नृत्य, टपरी बुन्ने, तरकारी खेती, आलुखेती, बत्ती कात्ने, कपाल काट्नेलगायतका सीप विद्यार्थीलाई दिएर संस्कारी बनाउन लागिएको प्रधानाध्यापक चन्द्रमणि कोइरालाले जानकारी दिनुभयो।

समाजमा चलिआएका पुख्र्यौली सीपहरु समेत लोप हुने अवस्थामा पुगेकाले विद्यार्थी सिकाएर व्यावहारिक बनाइएको छ। परियार समुदायले बजाउने पुख्यौली पञ्चेबाजा पछिल्लो समय लोपोन्मुख बन्ने खतरा बढेको छ भने आधुनिक बाजाले विस्थापित हुदै गएको छ। पुर्ख्यौली सम्पत्तिको संरक्षण एवं सम्बर्द्धन गर्न पनि विद्यालयले यसलाई प्राथामिकता दिएको हो। कक्षा ८,९ र १० कक्षाका विद्यार्थीलाई शिक्षाको साथै व्यावहारिक शिक्षा प्रदानमा जोड दिइएको उहाँको भनाइ छ। विद्यार्थीलाई पठनपाठनमा मात्रै केन्द्रित गर्दा पट्यार लाग्ने, दिक्क अनुभव गर्ने र पढाईमा ध्यान नदिने भएकाले यस्ता सीपमूलक शिक्षामा जोड दिइएको प्रधानाध्यापक कोइरालाले बताउनुभयो। "नाचगानलगायत सीपमूलक शिक्षा प्रदान गर्न थालेसँगै विद्यार्थीहरु उत्साहित भएर सीप सिक्ने र पढ्ने कार्यमा रुचि लगाउने गरेका छन्", उहाँले भन्नुभयो। "सीप सिकेका विद्यार्थीले आफूभन्दा तल्लो कक्षामा अध्ययनरत इच्छुक विद्यार्थीलाई पनि सिकाएर सीप हस्तान्तरण गर्न लगाइएको छ", उहाँले भन्नुभयो, "विद्यार्थीबाट विद्यार्थीमा सीप हस्तान्तरण गरी पञ्चेबाजालाई सदाबहार जीवन्तता दिन लागिएको छ।" कक्षा १० मा अध्ययनरत विद्यार्थी एसइईपश्चात् अर्को विद्यालयमा जानुअघि सिकेको सीप आफूभन्दा पछिका पुस्तालाई सिकाउने व्यवस्था मिलाइएको सो विद्यालयले जनाएको छ। विद्यालयको भावि योजनामा प्लाम्बिङ र वाइरिङलगायतका सीपमूलक र आयआर्जनमूलकसम्बन्धी तालिम प्रदान गर्ने लक्ष्य रहेको छ। विद्यार्थीले मात्रै नभई शिक्षक शिक्षिक पनि वाद्यवादन बजाउन, गाउन र नाच्न उत्तिकै सक्षम बन्दै गएका छन्। कक्षा १ देखि ५ सम्म स्मार्ट टिभी र कक्षा ६ देखि १० सम्मका विद्यार्थीलाई स्मार्ट बोर्ड राखेर पठनपाठन गराउन थालिएको छ। समयको मागसँगै विद्यालयले प्राविधिक शिक्षालाई प्राथामिकता दिँदै आएको सो विद्यालयले जनाएको छ। दलित, जनजाति र सिमान्तकृत बालबालिकाको बाहुल्य रहेको यस विद्यालयमा हाल तीन सय विद्यार्थी अध्ययनरत छन्।